सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१

# कर्मचारी आवश्यकता सम्बन्धी सुचना

**प्रथम पटक सुचना प्रकाशन मितिः- २०८०/०९/०१**

यस सरावल गाउँपालिका कार्यालयका लागी तपसिल बमोजिमको पदमा खुल्ला प्रतियोगिता मार्फत करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धी मापदण्ड-२०७९ तथा मिति २०८०/०८/२४ गतेको निर्णय बमोजिम सेवा करारमा कर्मचारी भर्ना गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले आवश्यक कागजात सहित म्याद भित्र दरखास्त पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

| विज्ञापन नं. | पद | माग पद संख्या | कार्यक्षेत्र तथा कार्यजिम्मेवारी |
|---|---|---|---|
| ३/०८०/०८१ | अमिन – सहायक चौथो | २ (दुई) | • गाउँपालिकाले तोकेको स्थानमा रही वडा नं. १ देखि ७ सम्मका भुमिको कित्तागत वर्गीकरण गर्ने |
| ४/०८०/०८१ | सहायक | २ (दुई) | |

१. **दरखास्त बुझाउने स्थानः**- सरावल गाउपालिका गाउँ कार्यपालिका कार्यालय, सरावल
२. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः अमिनको हकमा** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि./ एस. ई.ई वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ वर्ष तालिम प्राप्त गरी कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको र **सहायकको हकमाः**- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र सरह उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।
३. **उमेर हदः**- दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
४. **दरखास्त दिने अन्तिम मितिः** २०८०/०९/०८ गते कार्यालय समयभित्र ।
५. **आवेदन दस्तुरः**- अमिन -रु ४००/- सहायक – रु २००/-
६. **पाठ्यक्रम** :- न्यूनतम शैक्षिक योग्यता र ज्ञानसंग सम्बन्धित विषयमा हुनेछन ।
७. **छनौट प्रकृयाः अमिनको हकमाः**- अन्तरवार्ता र **सहायकको हकमाः**- प्रयोगात्मक परिक्षण तथा अन्तरवार्ता ।
८. **पेश गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकताको प्रतिलिपी, उम्मेद्वार स्वयंले भरेको आवेदन फारम, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी अनुभव भए सोको प्रतिलिपी (विदेशी शैक्षिक प्रमाणपत्रको हकमा समकक्षताको प्रमाणपत्रको प्रतिलिपी)
९. **तलव भत्ता तथा सुविधाः** गाउँपालिकाको निर्णय बमोजिम ।
१०. **करार अवधी** :- भुमि वर्गीकरणको काम सम्पन्न हुँदा सम्म ।
११. **दरखास्त दिने तरिकाः** युदा नं. ८ मा उल्लिखित कागजातहरू स्वयंले प्रमाणित गरी तोकिएको दस्तुर यस गाउपालिकाको कार्यालयको काउण्टरमा जम्मा गरी भौचर सहित सरावल गाउकार्यपालिकाको कार्यालयमा आवेदन दर्ता गर्न सकिन्छ।
१२. **छनौटको लागी प्रयोगात्मक परिक्षण तथा अन्तर्वार्ता मितिः**- २०८०/०९/१२ गते विहान ८ बजेबाट सञ्चालन गरिनेछ। प्रयोगात्मक परिक्षामा सफल परिक्षार्थीलाई मात्र अन्तर्वार्तामा सहभागी गराईनेछ ।

नोटः- स्थानिय तथा अनुभवीलाई प्राथमिकता दिईनेछ। कर्मचारी नियुक्ति सम्बन्धी सम्पुर्ण प्रकृया यस सरावल गाउँपालिकाको करारमा कर्मचारी पदपुर्ती गर्ने सम्बन्धी कार्यविधी-२०७९ बमोजिम हुनेछ। आवेदन फारम, यस गाउँपालिकाको वेभसाईट www.sarawalmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

२०८०/०९/०१
विशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत